महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

सिमकोट गाउँपालिका, हुम्ला

८०६६४५०७३००

सिमकोट गाउँपालिका , हुम्ला

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-१९

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
सिमकोट गाउँपालिका, हुम्ला ,
सिमकोट गाउँपालिका , हुम्ला

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।०८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०६।१८ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तदायी अधिकृत। कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

नृप राज जोशी
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार काठमाणडौ ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, हुम्ला,
humla.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा इकाई, हुम्ला,
humla.pfuo64@gmail.com

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा४४ सभा सदस्य रहेका छन भने क्षेत्रफल२४२० वर्ग किलोमिटर तथा ६ हजार जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१५ देखि २०८०।६।२० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजन, राजश्वतर्फ, धरौटी र अन्य कारोबार समेत गरी जम्मा रु. ६९३४५४७३२/८८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३०२६४९ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

,,,,,,,

सि.नं	बिवरण	रकम रु.
१	सिमकोट कुम्लेक रोड सडक मर्मत कार्यका लागी उत्थान कन्सट्रक्सन एण्ड मल्टी सप्लायर्सलाई वढि भुक्तानी भएको रकम बेरुजु दाखिला	९९५३
२	घट्ट देखी धान जिउला सिंचाई कार्यका लागी उपभोक्ता समितिलाई दिएको ओभरहेड रकम बेरुजु दाखिला	२३१३
३	छाराक खोल्सी देखी साङतारसम्म घेराबार लगाउने योजना वढि भुक्तानी बेरुजु दाखिला	२०५७५
४	माथिल्लो साघु पुल निर्माण सिमेन्ट ढुवानीको वढि भुक्तानी रकम बेरुजु दाखिला	२६४००
५	०७९।०८० को बाख्रा पकेट कार्यक्रमको लेखापरीक्षणको क्रममा पेश्की फछ्र्योट गरी पेश गर्दाको कर दाखिला	२३०४०
६	पारिश्रमिक कर असुल गरी बेरुजु दाखिला	११२३२५
७	पेश्की फर्छ्यौटको क्रममा अग्रिम कर असुल	४५००
८	भ्रमण खर्च बेरुजु दाखिला	१७८५०
९	विभिन्न योजनामा वढि भुक्तानी दाखिला	९७५९५

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

एकिकृत आय-व्यय विवरण							
सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		३०८३८७९८.०६	१	चालु खर्च	३२६११३६५५.१२	५०८४८२१७०.१२
	क) धरौटी मौज्दात	३१५३५८८		२	पूँजीगत खर्च	१७०१९०८९५	
	ख) बैंङ्क मौज्दात	२५९९२४०५.५६		३	समपुरक अनुदान संघ	३०३६०५८	
	ग) प्रकोप व्यवस्थापन	६८४३३		४	विशेष अनुदान संघ	३७३६४००	
	घ) विविध खर्च खाता	१६२४३७१/५		५	प्रदेश विशेष अनुदान	५४०५१६२	
२	राजस्व (आन्तरिक आय)		८४३१८९०७.३७	६	प्रदेश सशर्त अनुदान फिर्ता	१०८७४७२८	१८२१२१५१.५८
	क) आन्तरिक राजस्व	९३९३९२७.२५		७	संघीय शसर्त अनुदान फिर्ता	७३३७४२३.५८	
	ख) राजस्व बाँडफाँड	७४५६८६९५.८२		८	विषयगत खर्च	१११७५२८७४.९५	१११७५२८७४.९५
	ग) राजस्व बाँडफाँड प्रदेश	३५६२८४.३		९	धरौटी फिर्ता	७९०९४५	७९०९४५
३	वित्तिय हस्तान्तरण संघ		३४७२९९८३८	१०	मौज्दात		५४२१६५९१.२३
	क) वित्तिय समानीकरण अनुदान	९८३२७५००			क)सञ्चित कोष खाता	४३५९३३६३.३१	
	ख) सशर्त अनुदान	२४२१९९८८०			ख)धरौटी खाता	३९३४९८७	
	ग) समपूरक अनुदान	३०३६०५८			ग)प्रकोप व्यवस्थापन कोष खाता	११६३४४६	
	घ) विशेष अनुदान	३७३६४००			घ)विविध खर्च खाता	५५२४७९४.९२	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		११३३४००००				
	क) वित्तिय समानीकरण अनुदान	१०३९००००					
	ख) सशर्त अनुदान	९६९५००००					
	घ) विशेष अनुदान	६००००००					
५	विषयगत निकायबाट प्राप्त	११६०८४८४५/४५	११६०८४८४५.४५				

६	धरौटी आय	१५७२३४४	१५७२३४४				
जम्मा			६९३४५४७३२.८८		जम्मा		६९३४५४७३२.८८

सैद्धान्तिक बेरुजु

३ **वित्तीय प्रतिवेदन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६,५२,१२,९३८/-, दिगो सरसफाइ आयोजनाको रु. २,६६,७१,३८६/- र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४,६३,०००/- समेत गरी रु. ९,२३,४७,३२४/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **फरक हिसाव :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. (६९२७३९५/५८), यस वर्षको प्राप्ति रु. ११६६६०४४२/११ र यस वर्षको भुक्तानी रु. ११०४६५६५१/५३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति(आय)**	**यसवर्षको भुक्तानी (व्यय)**	**बैङ्क मौज्दात**
एकीकृत आर्थिक विवरण अनुसार	३०८३८७९८/०६	६६२६१५९३४/८२	६३९२३८१४१.६५	५४२१६५९१.२३
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	३६१४१८२२.३६	५४७५७९८६४.२१	५२८७७२४९०.१२	५४९४९१९६/४५
फरक	**(५३०३०२४/३०)**	**११६६६०४४२।११**	**११०४६५६५१.५३**	**७३२६०५/२२**

सैद्धान्तिक बेरुजु

३.३ **बैङ्क हिसाव विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा

देहाय अनुसार फरक परेको छ ।पालिकाले वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) को अनुसूची २४ मा आन्तरिक आयमा रु. ६६९३००/९२ विभिन्न समयमा दोहोरो आम्दानी बाँधेको हुँदा बैंक र स्रेस्ताको मौज्दातमा फरक देखिएको भनी कैफियत जनाएको छ । स्रेस्ता भन्दा बैंकमा घटी देखिएको रकमका सम्बन्धमा बैंक हिसाब विवरण तयार गरी हिसाब मिलान गर्नुपर्दछ ।

खाता	**स्रेस्ता अनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
ग २.७, विविध खर्च खाता	५५२४७९४.९२	५५२४७९४.९२	
ग ३.१, स्थानीय तह धरौटी खाता	३९३४९८७	३९३४९८७	
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	४४२७२६६४.२३	४३५९३३६३.३१	६७९३००/९२
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	११६३४४६	११६३४४६	
जम्मा	**५४८९५८९२/१५**	**५४२१६५९१/२३**	**६७९३००/९२**

सैद्धान्तिक बेरुजु

४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९/८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्च (प्रतिशतमा)**
आर्थिक विकास	३२३८७४००	२५६८९८८८	६
सामाजिक क्षेत्र	३०९९५३४९०	२८१४६२९७८.४२	५५
पूर्वाधार विकास क्षेत्र	१०६२१२७२०	७७१७२३०९	१५
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	४२६३८७५०	३७८६६३३४	७
कार्य सञ्चालन तथा प्रशासनिक	१२०३२१९७२.८१	८६२९०६६०.७	१७
जम्मा	**६११५१४३३२.८१**	**५०८४८२१७०.१२**	**१००**

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट बिभिन्न क्षेत्रमा ६ देखी ५५ प्रतिशत सम्म खर्च भएको छ ।

सैद्धान्तिक बेरुजु

५ **खर्च बिश्लेषणः**

गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ९३९३९२७ राजस्व बाँडफाँट रु. ७४९२४९८० र अनुदानबाट रु. ४६०६३९८३८/- समेत रु. ५४४९५८७४५/- आम्दानी भएकोमा चालु तर्फ रु. ३३५२५५२१७ र पूँजिगत तर्फ रु. १७३२२६९५३/- समेत रु. ५०८४८२१७०/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८४ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ३५ लाख ५२ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३७.८ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६५.९ प्रतिशत चालु र ३४.१ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९ असार १० मा रु.६१ करोड १५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९ असार ३० मा पारित भएको छ । गाउँपालिका प्रमुखले मिति २०७९ श्रावण ६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत : बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धीनियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **योजनाको प्राथमिकीरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १७४ योजनामा वजेट विनियोजन गरेको छ।

रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु. २ लाखदेखि ५ लाखसम्मका	रु. ५लाख देखि १० लाखसम्मका	रु. १० लाख देखी ५१ लाख सम्म	रु.५१ लाख भन्दा बढी	जम्मा
९	४	४३	३८	७३	७	1७४

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १५१ योजनाको मात्र कार्य सम्पन्न भएको र २३ योजनाको प्रगती शुन्य देखिएको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **योजना तथा वजेट कार्यान्वयन :**

योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १७ करोड ३२ लाख भएकोमा प्रथम त्रैमासिकमा रु. ३६ लाख, दोश्रो त्रैमासिकमा रु. १ करोड ५९ लाख तेस्रो त्रैमासिकमा रु. ३ करोड ३३ लाख, चौथो त्रैमासिकमा रु. १२ करोड ४ लाख र असार महिनामा मात्रै रु. ८ करोड ४३ लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१७ करोड ३२ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. २८ लाख ३७ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १२. ४७ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **बार्षिक लक्ष्य तथा प्रगति:**

कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा स्थानीयतहले सञ्चालन गरेका योजनाहरुको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकाले वार्षिक लक्ष्य तथा प्रगतिको विवरण पेश गरेको छैन । कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **गत विगतको भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१,३७,११,१७३/- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **पेश्की बाकीः**

१३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले बिभिन्न कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा संस्थालाई दिएको पेश्की मध्ये आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.५२,७३,२७० /- बाँकी रहेकोमा लेखापरीक्षणको क्रममा रु. ३१,३८,०००/- पेश्की फर्छयौट गरी श्रेस्ता पेश हुन आएकाले रु. २१,३५,२७०/- फस्र्यौट हुन बाँकी रहेको देखिन्छ ।

मिति	पेश्की लिनेको नाम	प्रयोजन	रकम
०९/३०/२०७९	भ्याल बहादुर कामी	साँस्कृतिक लु जगेर्ना तथा प्रकाशन	५०००००
०९/३०/२०७९	कर्णाली कलाकार संस्था	साँस्कृतिक वृत्तचित्र निर्माण	१५००००
०३/१९/२०८०	बुराउँसे कम्माइन मिल उस	बुराउँसे कम्माइन मिल स्थापना उपभोक्ता समिति	४३२०००
१०/०१/२०७९	परिवर्तनशिल भौतिक पुर्वाधार निर्माण उस	दलित बस्ती देखि सडक सम्म आर सिसि ढल निर्माण	२८८०००
११/१९/२०७९	टल्की गुम्बा उपभोक्ता सिमित	माथिल्लो साँघु झो.पु , कंडीफुक ट्रस पुल	७०७६७०
१२/२८/२०७९	लाँगा बनमाडु निर्माण उपभत्ता समिति	लाँगा माडु मर्मत तथा निर्माण	५७६००
जम्मा			२१३५२७०

सैद्धान्तिक बेरुजु

१३.२ **लेखापरीक्षणको क्रममा श्रेस्ता पेशः** माथी उल्लेखित पेश्की मध्ये देहाय अनुसार रु. ३१३८०००/- पेश्की फस्र्यौट गरी श्रेस्ता पेश हुन आएकाले लेखापरीक्षण गरिएको छ ।

भौचर नं. र मिति	बजेट शिर्षक	योजनाको नाम	रकम
३।०८०।०४।२९	सिमकोट गाउपालिका पूँजीगत	कालाशिल्ता माड्ु मर्मत तथा निर्माण	२८८०००
५।०८०।०४।२९	सिमकोट गाउँपालिका चालु	रेडियोकर्णाली आवाज	३५००००
३४।०८०।०६।१७	सिमकोट गाउँपालिका चालु	विजयभण्डारी	१०००००
३४।०८०।०६।१७	सिमकोट गाउँपालिका चालु	शुसीला भामरोकाया	१०००००
३४।०८०।०६।१७	सिमकोट गाउँपालिका चालु	दिपेन्द्रभण्डारी	५००००
३४।०८०।०६।१७	सिमकोट गाउँपालिका चालु	बाँचबहादुर भण्डारी	५००००
२८।०८०।०५।३१	सिमकोट गाउँपालिका चालु	कर्मचारी तालिम Sutra training विशाल बोहोरा	४०००००
२२।२०८०।०५।३१	सिमकोट गाउँपालिक चालु	इन्धन पदाधिकारी दिपेन्द्र भण्डारी	५००००
२२।२०८०।०५।३१	सिमकोट गाउँपालिक चालु	इन्धन बाँस बहादुर भण्डारी	५००००
२२।२०८०।०५।३१	सिमकोट गाउँपालिका चालु	विविध खर्च दिपेन्द्र भण्डारी	१०००००
२२।२०८०।०५।३१	सिमकोट गाउँपालिका चालु	विविध खर्च बाँस बहादुर भण्डारी	१०००००
२।०८०।०४।२९	संघीय शसर्त	आ.व. २०७९।०८० मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम	१५०००००
जम्मा			**३१३८०००**

सैद्धान्तिक बेरुजु

१४ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.४३ लाख ६७ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत ७२ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. १ लाख ९६ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.४१ लाख ५७ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१५ **कानून निर्माण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म ४६ वटा कानुन निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई राजपत्रमा प्रकाशित गरेकोमा यस वर्ष देहाय अनुसार १६ वटा कानून निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई राजपत्रमा प्रकाशित गरेको छ।

क्र.सं.	कानून निर्माण	सभाबाट स्वीकृत मिति	राजपत्रमा प्रकाशित मिति
१	सिमकोट गाँउपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सूचना व्यवस्थापन प्रणाली निर्देशिका	२०७९।०९।२५	२०७९।१०।०२
२	सिमकोट गाँउपालिकाको मेलमिलाप सम्बन्धित कार्यविधि, २०७९	२०७९।०७।२४	२०७९।०७।२४
३	सिमकोट गाँउपालिकाको योजना अनुगमन तथा मुल्यांकन कार्यविधि, २०७९	२०७९।०७।२४	२०७९।१०।०२
४	सिमकोट गाँउपालिकाको लेखा समितिको कार्य संचालन नियमावली, २०७९	२०७९।०३।१०	२०७९।०३।१०
५	सिमकोट गाँउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०७९	२०७९।०९।२९	२०७९।०९।२९
६	सिमकोट गाँउपालिकाको वातावरणीय तथा सामाजिक जोखिम प्रभाव अध्ययन दिग्दर्शन, २०७९	२०७९।०९।२५	२०७९।१०।०२
७	सिमकोट गाँउपालिकाको विपद ब्यबस्थापन कोष (सन्चालन) कार्यविधि, २०७९	२०५९।०५।१०	२०५९।०५।१०
८	सिमकोट गाँउपालिकाको सामाजिक समावेशीकरण निति, २०७९	२०७९।०९।२५	२०७९।१०।०२
९	सिमकोट गाँउपालिकाको सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका	२०७९।०९।२५	२०७९।१०।०२
१०	सिमकोट गाँउपालिकाको सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७९	२०७९।०७।२४	२०७९।०७।२४
११	सिमकोट गाँउपालिकाको स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०७९	२०७९।०९।२५	२०७९।१०।०२
१२	सिमकोट गाउँपालिकाको आन्तरिक लेखापरीक्षण निर्देशिका , २०७९	२०७९।०९।२५	२०७९।१०।०२
१३	सिमकोट गाउँपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७९	२०७९।०९।२५	२०७९।१०।०२
१४	सिमकोट गाउँपालिकाको नगर प्रहरी(व्यवस्थापन) कार्यविधि, २०८०	२०८०।०३।१०	२०८०।०३।१०
१५	सिमकोट गाउँपालिकाको पशु वधशाला र मासु जाँच ऐन, २०८०	२०८०।०३।१०	२०८०।०३।१३
१६	सिमकोट गाउँपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापम नियुक्ती कार्यविधी, २०८०	२०८०।०३।१०	२०८०।०३।१३

सैद्धान्तिक बेरुजु

१६ **ऐनको कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **सेवा प्रवाहको स्थितिः**

पालिकाबाट यो वर्ष जन्म दर्ता ९६२ वटा, मृत्यु दर्ता ९६ वटा, बसाईँसराइ २८ वटा, विवाह दर्ता ११८ वटा, सम्बन्ध विच्छेद दर्ता शुन्य गरेको विवरण प्राप्त भएको छ ।

सैद्धान्तिक बेरुजु

१८ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यसतै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष न्यायिक समितिमा गत आ.व.को मुद्दा फर्छयौट हुन बाँकी १६ वटा चालु आ.व.मा थप ४१ थप भई जम्मा ५७ मुद्दा फर्छयौट गर्नुपर्ने रहेकोमा चालु आ.व.मा २६ वटा मुद्दा फर्छयौट गरी ३१ वटा मुद्दा फर्छयौट गर्न बाँकी रहेको गाउँपालिकाबाट प्राप्त विवरणबाट देखिन्छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायिक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **कर्मचारी पदपूर्तिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८४ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म संघबाट समायोजन भई आएको १५ जना, साविक स्थानियतहमा कार्यरत १२ जना, आन्तरिक पदपुर्तिबाट ७ जना र करारमा ४६ जना गरी ७२ जनाको पदपूर्ति भएको र १२ जना रिक्त रहेको प्राप्त विवरणबाट देखिन्छ । विषयगत कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पुर्ति नहुँदा कार्य सम्पादनमा असर परेको देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

क्र.सं.	स्वीकृत पद	संख्या	पदपूर्ति(आषाढ मसान्तको स्थिति)				रिक्त
			संघबाट समायोजन	साविक स्थानीयमा कार्यरत	आन्तरिक पदपूर्ति	करार	
१	प्रमुख प्रशासकिय अधिकृत	१	१	१	१	१	1
२	इन्जिनियर	१	1	१	१	१	१
३	शिक्षा अधिकृत	१	1	१	१	१	१
४	लेखा अधिकृत	१	१	1	१	१	१
५	अधिकृत प्रशासन	२	१	1	१	१	1
६	आन्तरिक लेखापरीक्षक	१	१	१	1	१	१
७	सहायक(प्रशासन)	४	1	१	१	१	३
८	कम्प्युटर अपरेटर	१	१	१	1	१	१
९	लेखा सहायक	१	१	१	1	१	१
१०	प्रा.स	१	1	१	1	१	१
११	हे.अ	१	1	१	१	१	१
१२	अ.न.मी पाँचौ	१	1	१	१	१	१
१३	सव इन्जिनियर	४	1	1	१	२	२
१४	अ.सव इन्जिनियर	६	५	१	१	1	1
१५	स.महिला विकास निरीक्षक	१	१	१	1	१	१
१६	खा.पा.स.टे.	१	1	१	१	१	१
१७	प्रा.स (कृषि)	१	1	१	१	१	१
१८	ना.प्रा.स	४	१	१	1	३	३
१९	प्रा.स	१	1	१	१	१	१
२०	ना.प.स्वा.प्रा	३	१	१	1	२	२
२१	का.स	४७	१	९	१	३८	१
जम्मा		**८४**	**1५**	**1२**	**७**	**४६**	**1२**

सैद्धान्तिक बेरुजु

२० **तलवी प्रतिवेदन :**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत रु.१०,७०,०४,३२७/- र पालिकाका चालुतर्फ रु.२,०६,५४,०००/- गरी रु. १२,७७,४९,२८९/- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यस कोषको स्थापना नै गरेको देखिएन।ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **भ्रमण खर्च :**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

• भ्रमण भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा नगरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **खरिद व्यव्स्थापनः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७ करोड ३२ लाख २७ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **खरिद कारवाहीको अभिलेख:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख

खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **खाना तथा विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ४८ लाख ९३ हजार खर्च गरेको छ। विविध खर्च सम्बन्धी सीमा निर्धारण गरी मापदण्ड बनाएर खर्च गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **कर तथा शुल्क असुली :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **पदाधिकारीलाई भुक्तानीः**

पालिकाले भौ. नं. ३६२।०८०।०२।१२ बाट वडा नं ७ का वडा अध्यक्षलाई वडा सञ्चालन खर्च वापत रु.१,६७,८७४।- भुक्तानी गरेको देखियो । राजनैतिक पदाधिकारीहरुलाई कार्यालयको आर्थिक अधिकार नहुने भएकाले वडा कार्यालयमा आवश्यक कर्मचारी व्यवस्था गरी कर्मचारी मार्फत प्रशासनिक खर्च भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **स्थानीय तहका पदाधिकारी सुविधा :**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.५८ लाख ८० हजार सुविधा वापत भुक्तानी भएको छ ।

सैद्धान्तिक बेरुजु

३० **बिल भरपाई वेगर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न बमोजिमको भुक्तानी गर्दा विल भरपाई संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु.

भौ. नं. र मिति	**शीर्षक**	**विवरण**	**परिमाण**	**दर**	**जम्मा भुक्तानी**	**कैफियत**
१४६।२०७९।७।२९	मध्यकालीन खर्च संरचना निर्माण	मध्यकालीन खर्च संरचना निर्माण			४४९८५३	सक्कल बिल नरहेको
३११।२०७९।१२।१९	वार्षिक योजना पुस्तक छपाई	पुस्तक छपाई	१५०	८६६।६६	१२९९९९	वितरण भरपाई नरहेको
२४६।०८०।०३।२०	पानस ट्रेडिङ एण्ड सप्लायर्स	सामाग्री खरिद			१३००००	वितरण भरपाई नरहेको
जम्मा					**७०९८५२**	

प्रमाण पेश नगरेको	७,०९,८५२

३१ शिक्षक दरवन्दी र पदपूर्ति :

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपुर्ति गरिनु पर्दछ ।

सि.नं.	**विद्यालयको नाम**	**शिक्षक दरबन्दी**	**पदपूर्ति**	**पदपूर्ति मध्ये करार**	**विद्यार्थी संख्या**
१	प्राथमिक	७३	७३	४	२०५७
२	निम्नमाध्यामिक	२८	२८	५	८८७
३	माध्यमिक	१३	१३	६	५९९
४	उमावि तथा प्रशिक्षक	१२	१२	१२	२६९
जम्मा		**१२६**	**१२६**	**२७**	**३८१२**

सैद्धान्तिक बेरुजु

३२ दिवा खाजाः

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७९।०८०) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ६ सम्म प्रति विद्यार्थी दैनिक रु. २० का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत रु. ७३ लाख ५८ हजार निकासा गरेको छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन नगरको, दैनिक हाजिरी तथा खर्चको विल भरपाई समेत पेश भएको छैन। अतः गाउँपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गरी हाजिरी भन्दा वढी विद्यार्थीलाई निकासा भएको रकम विद्यालयबाट फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **पाठ्यपुस्तकः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्विन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले उक्त व्यवस्थाको पालना नगरी एकमुष्ठ रु. १९ लाख ९४ हजार ६ सय ४४ पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । विद्यालयले विधार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई पेश गरेको छैन । समयमै पाठ्यपुस्तक वितरण गरे नगरेको सम्बन्धमा पालिकाले विद्यालयको नियमित अनुगमन गरी अधावधिक विवरण तयार गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **छात्रावृत्ति अनुदान :**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ४.१ र ४.२ छात्रवृत्ती आवासीय तथा गैर आवासिय छात्रवृत्ती सम्बन्धमा व्यवस्था गरेको तथा छात्रावृत्तीको लागी रु.८७,२६,०००/- निकासा गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्न बमोजिम रहेको छ :

भरपाई तथा अनुगमनः कार्यक्रम कार्यान्वियन पुस्तिकामा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र कक्षा १-५ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.१०००, ६-८ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.१५०० दलित विद्यार्थीलाई रु. ४०० छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका २५ वटा विद्यालयमा छात्रवृत्ती रकम निकासा गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गरी विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **विद्यालय लेखापरीक्षणः**

कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानमा लेखापरीक्षणका लागी माध्यमिक विद्यालयलाई रु. १५०००/- र आधारभुत विद्यालयलाई रु. १००००/- का दरले उपलब्ध गराउनु पर्नेमा पालिकाले माध्यमिक विद्यालयलाई रु. २००००/- र आधारभुत विद्यालयलाई रु. १५०००/- का दरले उपलब्ध गराएकोमा बढी निकासा भएको रु. १०५०००/- सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

विद्यालय	**विद्यालय संख्या**	**दिनुपर्ने**	**दिएको**	**वढी**	**असुल गर्नुपर्ने**
मा वि	७	१५०००	२००००	५०००	३५०००
आ वि	१४	१००००	१५०००	५०००	७००००
जम्मा					**१०५०००**

असुल गर्नुपर्ने	१,०५,०००

३६ **शैक्षिक निर्देशिकाको पालनाः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानो ठिमी भक्तपुरले शिक्षा क्षेत्रका कार्यक्रमहरु संचालन गर्दा क्रियाकलाप र कार्यान्वयन प्रक्रियाको जिम्मेवारी तोकिएको छ । शिक्षा सम्बन्धि कार्यक्रम संचालन गर्दा उक्त कार्यान्वयन पुस्तिकाको पालना गरेको पाइएन । विद्यालय दिवा खाजाको निकाशा गर्दा हाजिरीको आधारमा भन्दा विद्यालय भर्ना आधारमा प्रदान गरेको, शिक्षक अवकाश सरुवाको विवरण तथा तलबी प्रतिवेदन, विद्यालयगत रुपमा शिक्षक दरबन्दी तयार पारेको देखिदैन। गाउँपालिकाले विद्यालयको खातामा सिधै

भुक्तानी जाने र उक्त रकमको विद्यालयगत रुपमा छुट्टाछुट्टै रुपमा लेखापरिक्षण हुने जवाफ दिए पनि निकाशा दिने पालिका पनि रकम सदुपयोग सम्बन्धमा उत्तिकै जिम्मेवार हुनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३७ **वढी परिमाण नापी:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नम्र्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा नियम ९७ (६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले पेश गरेको रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले संघीय सशर्त कार्यक्रम अन्तर्गत विद्यालय कक्षा कोठा निर्माण अनुदान २ कोठे तथा चार कोठे भवन निर्माण निर्माण को लागि स्वीकृत नम्र्सभन्दा बढी दर/परिमाणको प्रयोग गरी लागत अनुमानको स्वीकृत तथा उपभोक्ता समितिसँग सम्झौता गरी निम्न उपभोक्ता समितिलाई वास्तविक भएको काम भन्दा वढी नाप गरी तथा वढी दर राखी वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.

भौ.नं र मिति	**योजनाको नाम**	**काम**	**वढी परिमाण**	**दर**	**जम्मा**
११। ०७९। ०९। २०	कैलाश मा वि ४ कोठे भवन निर्माण (२+२) कोठा	Rubble stone masonary मा १८ वटा buttress wall देखाइएकोमा विचकोवालमा २वटा buttress wall नभई १ वटा मात्र हुदा जम्मा २ वटा buttress wall कोनापी वढी हुने up to ground level (१.५*२*२*२*२=२४) up to suprestructure (१.५*१.५*८*२*२=७२)cuf	९२	१८६	१७११२
		Plastering work मा झ्याल रढोकाको परिमाण नघटाएको ब.फि.	१९४	८५.७९	१६४४३
		Painting work मा झ्याल र ढोकाकोपरिमाण नघटाएकोsqf	१९४	७.७५	१५०३
४६। ०८०। ०३। २०	सिद्धार्थ आधारभुत विद्यालय भवन निर्माण	Plastering work मा झ्याल र ढोकाको परिमाण नघटाएको ब.फि.	१९४	८२	१५९०८
		Painting work मा झ्याल र ढोकाकोपरिमाण नघटाएकोsqf	१९४	७.५	१४५५
४८। ०८०। ०३। २०	रलिङ्ग मा वि ४ कोठे भवन निर्माण	Plastering work मा झ्याल र ढोकाको परिमाण नघटाएको ब.फि.	३२४	८६	२७८६४
		Painting work मा झ्याल र ढोकाकोपरिमाण नघटाएकोsqf	३२४	८	२५९२
५२। ०८०। ०३। २१	बालविकास आ वि भवन निर्माण	Plastering work मा झ्याल र ढोकाको परिमाण नघटाएको ब.फि.	२२८	८२.४	१८७८७
		Painting work मा झ्याल र ढोकाकोपरिमाण नघटाएको ब.फि.	२२८	७.४९	१७०८
जम्मा					**१०३५७३**

असुल गर्नुपर्ने	१,०३,३७३

३८ **स्वास्थ्य तर्फ तलबः** (२४०-२०८०-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षमा खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले सङ्घीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले सशर्त अनुदान अन्तर्गत स्थानय तह स्वास्थ्य कर्मचारीको तलब कार्यक्रमको लागि हस्तान्तरण भएको रकमबाट रु.३०३६०६०/- भुक्तानी गर्नुपर्नेमा गाउँपालिका अन्तर्गतको स्वास्थ्य तर्फको कर्मचारीको तलब रु.९९३९८२/- समेत गरी रु. ४०३००४२/- भुक्तानी भएकोले सशर्त तर्फबाट वढी भुक्तानी भएको रकम रु.९९३९८२/-संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९,९३,९८२

३९ **औषधी खरिदः**

औषधी खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष रु. २७ लाख ५० हजारको औषधी खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधी कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको

तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४० **बाख्रा वितरण :**

नयाँ बाख्रा पकेट विकास कार्यक्रम संचालनको लागि रु.१८६००००/- को लागत अनुमान तयार गरी हिर कृषि तथा जडिबुटि फर्म चंखेली ४ हुम्लाबाट ९६ गोटा बाख्रा खरिद गरी विभिन्न १२ जनालाई ७ वटा बाख्रा र १ वटा बोकाको दरले वितरण गरेको भरपाई पेश भएको छ । उक्त भरपाईमा बाख्रा बुझ्ने र बाख्राको बिमा गराउने नाम फरक परेको छ । विमाको कागज अनुसार ९४ वटा बाख्राको विमा गराएको तथा ४ जनालाई सुरुमा ६ वटा बाख्रा वितरण गरेको भरपाई गराएकोमा पछि केरमेट गरेर ७ वटा बाख्रा लेखेको देखिन्छ । यसरी ९६ वटा बाख्रा खरिद गरी वितरणको भरपाईमा ८४ वटा बाख्रा र १२ वटा बोका रहेको, खरिद गरेको बाख्रा भन्दा कम विमा गराएकोले बाख्रा वितरण सम्बन्धमा विश्वस्त हुने आधार देखिएन । ९६ बाख्रा खरिद र ९४ विमाको कागज पेश भएकोले थप २ बाख्राको विमा पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **बिउँ वितरण:** (३-२०७९-९-२६):

पालिकाले ८० प्रतिशत अनुदानमा हाइब्रिड तरकारी कम्पोजिट पकेट वितरण गर्न तथा महिला आय आर्जनका लागि तरकारी खेती विस्तार गर्न रु.७४००००/- को बिउ खरिद गरेको छ । उक्त बिउ वितरण गरेको भरपाई संलग्न समेत नरहेकोले बिउ वितरण गरेको भरपाई सहित २० प्रतिशत लाभ्राहीको सहभागिता भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,४०,०००

४२ **सामाजिक सुरक्षा :**

४२.१ भत्ता वितरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(२) मा स्थानीय तहबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम तोकिएको आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्त्यमा सो रकम संघिय संचित कोष दाखिला गर्नु पर्ने व्यवस्था छ । यस गाउंपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ताको लागि जम्मा रु. ६,५२,१२,९३८/- बैंक मार्फत वितरण गरेको विवरण प्राप्त भएको छ।

सैद्धान्तिक बेरुजु

४२.२ विवरण अध्यावधिक : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउंपालिकाले समवन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **ठेहे दोजाम सडकः**

ठेहे दोजाम सडक मिति ०८०।०३।१५ सम्म रु.१,००,०२,०३२/- मा कार्य सम्पन्न गर्ने गरी हिमालयन कन्स्ट्रक्सन सर्भिससँग सम्झौता गरेको छ । उक्त सडक निर्माणको लागि पालिकाबाट रु.३०,०९,२७८/- र नेपाल सरकार समपुरक अनुदानबाट रु. ३०३६०५८/- गरी जम्मा रु.६०४५३३६/- भुक्तानी भएको छ । निर्माण सम्झौता सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको स्ट्यान्डर सम्झौताको कागजात बमोजिम गरेको छैन । ठेक्काको सकिने म्याद भन्दा २१ दिन अगावै कारण सहित म्याद थप निबेदन पेश गर्नुपर्नेमा ०८०।०३।१४ मा म्याद थप निबेदन पेश गरेको तर म्याद थप भएको छैन । समयमै खरिद सम्झौताको म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **उपभोक्ताको कामः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४४.१ **निर्माण कार्यको गुणस्तर** : उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४.२ **प्राविधिक बिल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।साथै नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४४.३ **उपभोक्ता समितिको बिल भरपाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

४४.४ **आइटम वाइज योगदान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४५ **उपभोक्तालाई पेश्की :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा खरिद सम्झौता भएपछी सार्वजनिक निकायले त्यस्तो समितिलाई सम्झौता रकमको बढीमा एकतिहाइ रकमसम्म अग्रिमरुपमा पेश्की दिन सक्ने व्यवस्था छ । वक्त बुढा प्रतिष्ठानको लाइब्रेरीमा फर्निचर तथा कम्प्यूटर खरिद कार्यका लागी रु.१०,००,०००/- को लागत अनुमान तयार गरी खरिद सम्झौता गरेको र खरिद सम्झौतामा तेश्रो किस्ता वापत एकमुष्ट भुक्तानी गर्ने प्रावधान राखिएको छ । पालिकाले भौ. नं. ४३/०७९/०८/२८ बाट गाउँपालिका अनुदान रु. ९,६०,०००/- को पचास प्रतिशतले हुने रु. ४,८०,०००/- पेश्की उपलब्ध गराएको देखियो । खरिद सम्झौतामा पेश्की दिने शर्त नराखिएको र सार्वजनिक खरिद नियमावलीको व्यवस्था बमोजिम बढीमा रु. ३,१६,८००/- मात्र पेश्की दिन सकिनेमा कार्यालयले रु. ४,८०,०००/- पेश्की दिएको हुँदा कानूनले तोकेको सीमा भन्दा रु. १,६३,२००/- बढी उपलब्ध गराइएको पेश्की रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,६३,२००

४६ **उपभोक्ताको योगदान :**

सबैका लागी दिगो खानेपानी कार्यक्रम अन्तर्गत यो वर्ष ३ वटा शौचालय र ५ वटा खानेपानी योजनाहरु सञ्चालन भएका छन् । उक्त योजनाहरु सञ्चालन गर्नका लागी उपभोक्ता समितिसँग भएको खरिद सम्झौताको उपभोक्ता समितिको जिम्मेबारी अन्तर्गत मर्मत सम्भार कोष तथा योजना निर्माणका लागी उपभोक्ताहरुले कम्तिमा सम्झौता रकमको १ प्रतिशत नगद रकम संकलन गरी विश्वासिलो वित्तीय संस्थामा खाता खोली जम्मा गर्ने प्रावधान राखिएको छ । तर यो वर्ष सञ्चालन गरिएका कुनै पनि योजनामा मर्मत सम्भार कोषका लागी सम्झौता बमोजिम संकलन गर्नु पर्ने नगद संकलन गरेको देखिएन । मर्मत सम्भार कोषका लागी उपभोक्ताबाट रकम संकलन गरी जम्मा गर्नु पर्ने रु.

क्र सं	**योजनाको नाम**	**सम्झौता रकम**	**१ प्रतिशतलेहुने रकम**
१	तोर्पा खानेपानी तथासरसफाइ	४८२५०१६	४८२५०
२	लेखघिगा चौगान फ्रायाखानेपानी	१३०६२३४६	१३०६२३
३	हिल्दुम तली स्याम्नेखानेपानी	१३८५७१६७	१३८५७२
४	दोभान प्रा वि बाललैङ्गिक तथा अपाङ्ग मैत्री शौचालय	१२५११८३	१२५१२
५	बाल बिकास प्रा विबालमैत्री तथा अपाङ्ग मैत्री शौचालय	१२५११८३	१२५१२
६	भिमसेन प्रा विलैङ्गिक तथा अपाङ्ग मैत्री शौचालय	१५००७००	१५००७
७	रामदेब मा वि लैङ्गिकतथा अपाङ्ग मैत्री शौचालय	३४३४७६९	३४३४८
८	कर्णाली मा बि लैङ्गिकअपाङ्ग शौचालय	२५६८७९५.	२५६८८
जम्मा		**४१७५११५९**	**४१७५१२**

असुल गर्नुपर्ने	४,१७,५१२

४७ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान खरिद कार्य सोझै गर्न सकिने व्यवस्था छ । पालिकाले देहाय बमोजिम रु. २९,६०,९७६/- को मेशिनरी औजारहरु टुक्रा टुक्रा गरी सोझै खरिद गरेको छ । प्रतिस्पर्धा छल्ने गरी पटक पटक सोझै खरिद गर्नु उपयुक्त देखिएन । खरिद कानून बमोजिम वार्षिक

खरिद योजना तयार गरी राष्ट्रिय स्तरमा बोलपत्र आह्वान गरी यस्ता सामग्री खरिद गर्नु पर्दछ । तोकिएको सीमाभन्दा बढीको खरिद कार्यलाई टुक्रा पारी बारम्बार सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

गो. भौ . र मिति	कामको विवरण	आपुर्तिकर्ता	रकम
१२१/ २०८० / १ / १९	कम्पयुटर प्रिन्टर	आउटलुक सप्लायर्स	९९१३२६
१२३/ २०८० / १ / १९	ल्यापटप र प्रिन्टर	केशव इन्टरनेशनल प्रा लि	९७४६५०
१२५/ २०८० / १ / १९	ल्यापटप	त्रिशा इलेक्ट्रोनिक्स सप्लायर्स	९९५०००
जम्मा			२९६०९७६

सैद्धान्तिक बेरुजु

४८ **सोझै खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(क१) मा पाँच लाख रुपैयाँसम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले भौ. नं. २३७।०८०।०३।१९ बाट गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत स्नोल्याण्ड एकिकृत विकास केन्द्र (SIDC) सँग मिति २०७९।११।१९ मा सम्झौता गरी विविध तालिम संचालन गरेवापत रु. १७,७३,४६२/- भुक्तानी गरेको छ । खरिद नियमावलीले तोकेको सीमाभन्दा बढीको परामर्श सेवा प्रतिस्पर्धा बिना नै खरिद गरेकोले नियमसम्त देखिदैन ।

सैद्धान्तिक बेरुजु

४९ **फरक दरबाट भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भौ. नं. ३०।०७९।१२।३० बाट मेलमुडि तटबन्धका लागी ग्याबिन जाली लगाउने काममा ग्याविनको दररेट विश्लेषण गर्दा ढुवानी कफिसियन्ट १.२ राख्नुपर्नेमा १.५ राखि गर्दा प्रति वर्ग मिटर रु.५३३ को दरले १३६ वर्गमिटरको वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७२,४८८

५० **जलबायु उत्थानशिल विकासः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । भौ. नं. १५४।२०८०।०२।२४ बाट जलवायु उत्थानशिल विकास सम्बन्धी तोकिएको क्रियाकलाप संचालन अन्तर्गत ढल निर्माण कार्यको दर विश्लेषण गर्दा सिमेन्ट एयरपोर्टबाट एक किलोमिटर नजिकैको साईटमा लोड अनलोड तथा ढुवानी समेत प्रतिकेजी रु. ५ को दरले ६ किलोमिटर भन्दा वढी दुरी राखी निम्न आईटमको दर विश्लेषण गरेकोले उक्त वढी दर विश्लेषणको कारण भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२४,२८५

५१ **काठको दररेट :**

काठको दररेट : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने सिलसिलामा प्रयोग हुने सामग्री, ज्याला र उपकरणको दर निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दर प्रयोग गर्नु पर्ने र मालसामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय काठको काममा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दरमा प्रति बर्ग मिटर रु. ५,२९५.५० रोयल्टी थप गरी

काठको दर प्रयोगमा ल्याएकोमा उपभोक्ता समितिहरुले काठको काम गर्दा रोयल्टी तिरेको देखिएन । उपभोक्ता समिति वा लाभग्राही समुदायले लागत अनुमानकै दरमा काम गर्ने र सोही अनुसार भुक्तानी लिने हुँदा बनलाई तिर्दै नतिरेको रोयल्टी उपभोक्ता समितिहरुलाई भुक्तानी दिएको देखियो । यसरी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.

भौ नं र मिति	कामको विवरण	ईकाइ	कामको परिमाण	प्रयोग भएको दर	हुनुपर्ने दर	बढी दर	बढी भुक्तानी
गाउँपालिका पुँजीगत तर्फ							
१९३/३/४	**वरीखोला पारी खोला पुल निर्माण**						
	Wood work	घ.मि.	३.२७	५४२३९	४८६७८	५५६१	१८१८६
	Planking for top	ब.मि.	१२	२१४१	२०९४	४७	५५९
१३९/२/१२	**च्वखोला भित्र काठेपुल निर्माण**					०	०
	Wood work	घ.मि.	१९.११	५७५४६	५२५१०	५०३६	९६२३८
	Planking for top	ब.मि.	५१.२	२२७३	२००८	२६५	१३५६८
८९/१२/१९	**हंसपाल घरमाडु निर्माण**	घ.मि.				०	०
	Wood work	घ.मि.	२.५८	५७७८६	५२२०५	५५८१	१४३९९
२५०/३/२०	**बुकाखोला रामपाल माडु निर्माण**					०	०
	झ्याल ढोकाको चौखट निर्माण	घ.मि.	०.५७	८९९०८	८४०१६	५८९२	३३५८
	बाल प्लेट	घ.मि.	०.५५	५३५९६	४८६८२	४९१४	२७०३
	छानाको ट्रष्ट	घ.मि.	०.९३	५३५९६	४८६८२	४९१४	४५६१
२७०/३/२१	**लिमाटाङ सामुदायिक भवन निर्माण**					०	०
	Salla wood for wall plate	ब.फि.	१८९.६२	१४११	१२५४	१५७	२९७७०
	Salla wood for roof trust	ब.फि.	७७.०८९	१४११	१२५४	१५७	१२१०३
२७९/३/२२	**वडा कार्यालयको लागी फर्निचर ३**					०	०
	सिलिङ्ग मुनीको बिम	घ.मि.	१.६७	६३२९८	५७७३७	५५६१	९२८७
	काठको टेबुल बनाउने	संख्या	०.५४	१०००७२	९४२४६	५८२६	३१४६
	काठको दराज बनाउने	संख्या	४	१००६१	९६१६	४४५	१७८०
जम्मा							**२०९६५८**
शसर्त पुँजीगत तर्फ							
८३/३/२१	**हुडिक सोलार स्टोर निर्माण**						
	प्यानल सटरिङ्ग	ब. मि.	१२.९६	२१२६६	१००५९	११२०७	१४५२४३
	बोर्ड	ब. मि.	१.५३	१०९३६	१०९३	९८४३	१५०६०
जम्मा							**१६०३०३**
कुल जम्मा							**३६९९६१**

असुल गर्नुपर्ने	३,६९,९६१

५२ **आयकर :**

आयकर ऐन २०५८ अनुसार परामर्शदाताको रकम भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टा गर्नुपर्दछ ।स्नोल्याण्ड एकिकृत विकास केन्द्र (SIDC) ले तालिम गोष्ठी तथा कार्यक्रम संचालन गरे वापत कर बिजक बेगर नै रु. १७,७३,४६२/- भुक्तानी लिएकोमा करछुट संस्था भएको प्रमाण पेश गरी १५% कर कट्टा गरेको देखिएन । कार्यालयले कार्यक्रम संचालन गरेवापत सेवा प्रदायक संस्थाबाट जारी भएको विजक प्राप्त गरेपश्चात मात्र भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **विमा :**

विमा : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अत: निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **हेभी मेसिनको प्रयोग :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियर्यम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर,रोलर,डोजर,ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था छ । तर पालिकाले लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको तथा हेभी मेसिन प्रयोग गर्न सार्वजनिक निकायले सहमति समेत नदिएको अवस्थामा समेत हेभी मेसिन प्रयोग गरी कार्य गराएको देखिन्छ । नियममा भएको व्यवस्था वेगर उपभोक्ता समिति मार्फत कार्य गरउँदा हेभी इक्युपमेन्टको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **मानसरोवर नमुना विद्यालयः**

ठेक्का नं. २/०७८/८९ बाट विद्यालयको झ्याल, ढोका, सुपरस्ट्रक्चर वाल, कोलम लगायतका निर्माण गर्न पालिकाले मू. अ. कर सहित रु.१,१४,९३,७६०/- को लागत अनुमान स्वीकृत गरी मिति २०७९।०३।१५ सम्म काम सम्पन्न गर्ने गरी निर्माण व्यवसायी न्यु रावत निर्माण सेवासँग खरिद सम्झौता भएकोमा २०७९।०९।१५ मा कार्य सम्पन्न गरी रु.९९,९०,७३६/- भुक्तानी भएको छ । पुन उक्त विद्यालयको छत ढलान गर्ने कामको लागी उपभोक्ता समितिलाई रु. १,०७,७६,२८०/- लागत अनुमान स्वीकृत गरी हाल सम्म रु.६७,६९,६९०/- निकासा गरेको छ । लागत अनुमान तयार गर्दा नै Stare case room remaining portion above from sill level ८.५१४ cum को काम पहिलो ठेक्कामा भई सकेको कामको समेत नाप गरेको छ । उक्त वढि नापको प्रति घनमिटर रु.३३७८९ को दरले हुने रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,८७,६७९

५६ **आलेपबाट कायम बेरुजुः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा कार्यालयमा प्राप्त हुन आएको राजश्व सम्भव भए सम्म सोही दिन र सम्भव नभए सो दिनको भोलिपल्ट सम्म दाखिला गर्नुपर्ने र दफा २८ मा त्यसरी दाखिला नगरे १० प्रतिशत जरिवाना गरी

दाखिला गर्न लगाउन सकिने व्यवस्था छ । आर्थिक वर्ष ०७९।०८० मा उठेको निम्न बमोजिमको राजश्व तथा नगदी लेखापरिक्षणको अवधि सम्म दाखिला गर्न बाकि रहेको देखिएकोले उक्त राजश्व १० प्रतिशत जरवाना समेत गरी दाखिला गर्नुपर्ने रु.

कार्यालय	रकम	१० प्रतिशत जरिवाना सहित रकम
वडा नं १	४२१८३ र २ नगदी रसिद	४६४०१
वडा नं ५	६२४४५	६८६९०
वडा नं ६	५८८२०	६४७०२
वडा नं ७	२३९१	२६३०
वडा नं८	१९६२५८	२१५८८४
प्यारालाल रावत	७६०००	८३६००
बालि बहादुर बोहोरा	५०००	५५००
जम्मा		४८७४०७

असुल गर्नुपर्ने	४,८७,४०७

५७ **विपद व्यवस्थापन :**

५७.१ **विपद् व्यवस्थापन कोषः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले यस बर्ष विपद व्यवस्थापन कोषमा रु.१९ लाख १८ हजार आम्दानी बाँधेकोमा रु. ७ लाख ५५ हजार खर्च गरी रु. ११ लाख ६३ हजार पालिकाले कोष संचालन गर्ने सम्बन्धमा ऐन नियम कार्यविधि एंव मापदण्ड तयार गरेको पाइएन । मापदण्ड बनाएर मात्र कोष संचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७.२ समिति गठन: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७.३ कार्य योजना : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५७.४ वार्षिक प्रतिवेदनः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

५८

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्योट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु.७,१२,५६,०००/- मध्ये आ. व. २०७६।७७ को रु १,९५,४३८/-, आ. व. २०७७/७८ को रु. २०,०००/- २०७८।७९ को रु. १२,८६,२५२/- समेत रु. १९,५५,३४२/- फर्स्योट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ। लगत कट्टा गरेपछी सम्परीक्षणको जानकारी म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत गराइनेछ ।

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस सिमकोट गाउँपालिका, हुम्ला को २०७९।८० सम्मको फर्स्योट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
१	७१२५६०००	१९५५३४२	४४७४७३९	८१९८७	७३८५७३८४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : सिमकोट गाउँपालिका, हुम्ला , सिमकोट गाउँपालिका , हुम्ला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	उजिर रोकाया	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	बिशाल बोहरा	२०७८-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,८६१,६८७	१६३,२००	१,४४९,८५२	०	०	०
				जम्मा बेरुजु रकम	४,४७४,७३९
				लेखापरीक्षणको क्रममा असुली रु	३१४,५५१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३०८३८७९८.०६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३४७२९९८३८	चालु खर्च	३२६११३६५५.१२
प्रदेश सरकारबाट अनुदान	११३३४००००	पूँजीगत खर्च	१७०१९०८९५
राजश्व बाँडफाँट	७४९२४९८०.१२	वित्तीय/अन्य व्यवस्था	१४२९३३५९१.५३
आन्तरिक आय	९३९३९२७.२५		
अन्य आय	११७६५७१८९.४५		
कुल आय	६६२६१५९३४.८२	कुल खर्च	६३९२३८१४१.६५
बाँकी मौज्दात		५४२१६५९१.२३	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
२	खरिद व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन ११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । खरिद व्यवस्थापन
३	चालु खर्च	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च) तालिम र कार्यक्रम खर्च तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
४	शसर्त अनुदान	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) स्वास्थ्यतर्फ कृषि तथा पशुतर्फ शिक्षा तर्फ
५	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
६	मुख्यमन्त्री रोजगार कार्यक्रम	मुख्यमन्त्री रोजगार कार्यक्रम
७	बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रम	बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रम कार्यविधिको पालना
८	विविध	विविध
९	भुक्तानीमा कर कट्टी	भुक्तानीमा कर कट्टी